मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामनगर,मिर्चैया,सिरहा
मधेश प्रदेश

**मिति २०७४ साल माघ ९ गते बसेको छैठो नगर कार्यपालिका बैठकका प्रस्तावहरु तथा निर्णयहरुः**

मिति २०७४ साल माघ ९ गते मंगलबारका दिन नगरप्रमुख श्री श्रवण कुमार यादव ज्यूको अध्यक्षतामा एवं कार्यपालिका सदस्यहरुको उपस्थितिमा देहायको बिषयहरु माथि छलफल तथा निर्णय गरि बैठक सम्पन्न गरियो ।

<u>उपस्थितिः-</u>

१.नगर प्रमुख श्री अवण कुमार यादव -अध्यक्ष

२. नगर उप-प्रमुख श्री जिबछि देबी साह -सदस्य

३.वडा अध्यक्ष-१ श्री घनिकलाल यादव -सदस्य

४. वडा अध्यक्ष-२ श्री लक्ष्मेश्वर कापर -सदस्य

५. वडा अध्यक्ष-३ श्री हरिनारायण यादव -सदस्य

६. वडा अध्यक्ष-४ श्री दिनेश कुमार यादव -सदस्य

७. वडा अध्यक्ष-५ श्री धीरेन्द्र कुमार साह -सदस्य

८. वडा अध्यक्ष-६ श्री देवकृष्ण साह -सदस्य

९. वडा अध्यक्ष-७ श्री राम कुमार यादब -सदस्य

१०. वडा अध्यक्ष-८ श्री रामजगत यादव -सदस्य

११. वडा अध्यक्ष-९ श्री श्री मोहन प्रसाद पोखरेल -सदस्य

१२. वडा अध्यक्ष-१० श्री रामचन्द मन्डल -सदस्य

१३. वडा अध्यक्ष-११ श्री कृष्ण कुमार हजाम -सदस्य

१४. वडा अध्यक्ष-१२ श्री तपेश्वर यादव -सदस्य

१५. कार्यपालिका सदस्य श्री भगिरथ साह -सदस्य

१६. कार्यपालिका सदस्य श्री विजय कुमार साह -सदस्य

१७. कार्यपालिका सदस्य श्री  निलम कुमारी हाथि  -सदस्य

१८. कार्यपालिका सदस्य श्री  कुश्मा देवी साफी  -सदस्य

१९. कार्यपालिका सदस्य श्री  रेखा कुमारी  -सदस्य

२०. कार्यपालिका सदस्य श्री बिनु कुमारी राम  -सदस्य

२१. कार्यपालिका सदस्य श्री  सुजी देवी सदा  -सदस्य

२२. कार्यपालिका सदस्य श्री  उमेश सिंह  -सदस्य

२३.प्र.प्र. अधिकृत श्री राजेन्द्र प्रसाद पौडेल  -सचिब

**प्रस्ताव न. १ आ.ब. ०७४/०७५ को बार्षिक बजेट, नीति तथा कार्यक्रम सम्बन्धमा ।**

**निर्णय**

मिर्चया नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितीले तयार गरको आ.ब.२०७४/०७५ को वार्षिक बजेट ,नीति तथा कार्यक्रम उपर व्यापक रूपमा छलफल भई वार्षिक बजेट ,नीति तथा कार्यक्रमहरु सर्वसम्मतबाट पारित गर्दै स्वीकृत गरियो र सो बार्षिक नीति तथा कार्यक्रमलाई अनुमोदनको लागी नगर सभामा पेस गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.२. वियोजन विधेयक,२०७४ तथा अर्थ विधेयक,२०७४ सम्बन्धमा ।**

**निर्णय**

राजस्व परामर्श समिती तथा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितीबाट प्राप्त सुझाब समतेको आधारमा तयार गरीएको विनीयोजन विधेयक२०७४,तथा आर्थिक विधेयक २०७४, लाई सर्वसम्मतले स्वीकृत गरी अनुमोदनको लागी नगर सभामा पठाउने निर्णय गरियो ।

**प्रस्ताव न ३. बैठक भत्ता सम्बन्धमा ।**

**निर्णय**

नगर प्रमुख,नगर उप-प्रमुख प्रशासकिय अधिकृतको अध्यक्षतामा बैठक बस्दा प्रति पदाधिकारी प्रति बैठक रु १५०० (एक हजार पाँचसय ) मात्र भत्ता प्रदान गर्ने साथै वडा अध्यक्षको अध्यक्षतामा बस्ने वडा समितीको बैठकमा भाग लिए वापत वडा अध्यक्ष ,सदस्य र वडा सचिवलाई प्रति बैठक रकम १००० (एक हजार) का दरले बैठक भत्ता प्रदान गर्ने भनी सर्वसम्मतले निर्णय गरीयो ।

**प्रस्ताव न** ४ खुल्ला दिसा मुक्त घोषणा सम्बन्धमा ।

## निर्णय

यस नगरपालिकाको वडा १, २, ५, ६, १०, ११ गरी छ वटा वडाहरु यस अगाडी नै  खुल्ला दिसा मुक्त घोषणा भई सकेका र वडा नं ३,४,७,८.९ र ११ गरी छ वटा वडाहरु खुल्ला दिसा मुक्त घोषणा गर्न बाँकि  रहेको सन्दर्भमा उक्त वडाहरुमा पनि शौचालय निर्माणको काम सुरुवात भइ सकेको तर सम्पन्न हुन् बाकी रहेको भएता पनि नरपालिकावारट अति बिपन्न तथा  गरीब घरपरिवारलाई सहयोग गर्दै यथासिघ्र सम्पन्न गराउदै लैजाने र मिति २०७४/१०/१२ गते बाँकि ६ वटा वडानै खुल्ला दिसा मुक्त वडा घोषणा गर्दै सम्पूर्ण मिर्चैया नगरपालिका खुल्ला दिसामुक्त नगर पालिका घोषणा एक कार्यक्रमका बीच गर्ने निर्णय गरियो

**प्रस्ताव न ५. विविध रकम भुक्तानी सम्बन्धमा ।**

## निर्णय

देहाय वमोजिमको रकम भुक्तानी दिने सम्बन्धमा सर्व सम्मतबाट निर्णय गरीयोः

(क) इलाका प्रहरी कार्यालय मिर्चैयाको मोटरसाइकल तथा साइकल पार्किंग स्टैण्ड को रु ५६,६८८ । ५९

(ख) सितलहरमा कम्बल थान ५०० खरिद बापतको रु ३,७२,०००।

(ग) नगरपालिका कार्यालय तथा सम्पूर्ण वडा कार्यालयहरुमा विद्युत वायरिंग तथा मर्मत गरे वापतको प्राबिधिक स्टीमेट तथा मुल्याकन अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।